**मिति २०७५ चैत्र २५ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. सिंचाईको योजना बाँडफाड सम्बन्धमा ।
२. बेलपानी देखि कालापानी फुलबस्ती नयाँ बाटो खोल्न IEE सम्बन्धमा ।
३. खानेपानी र सिंचाईका योजनाको Profile तयार गर्ने सम्बन्धमा ।
४. भागीराम चौधरीको नक्सापासमा दोहोरो दस्तुर सम्बन्धमा ।
५. खानेपानी र सिंचाईको बाँकी रकमको अधिकार नगर प्रमुखलाई दिने सम्बन्धमा ।
६. वडा नं. १२ को कम्प्यूटर कक्षाको लागी नपुग रकम थप सम्बन्धमा ।
७. प्रगती समिक्षा कार्यक्रम सम्बन्धमा ।

## निर्णय नं. १

गोदावरी नगरपालिकाको दोस्रो नगर सभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार खण्ड ४ अनुसूची १ को पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बुँदा नं. ५ सिंचाई शिर्षकमा रु.६०,००,०००।- रकम विनियोजन भएकोमा सोही शिर्षकबाट दायित्व ब्यहोर्ने गरि १२ वटै वडाका लागी प्रति वडा रु. ३,७५,०००।- रकमका दरले जम्मा रु. ४५,००,०००।- विनियोजन गर्ने निर्णय गरियो । साथै वडा कार्यालयबाट वडाका लागी विनियोजित बजेटको परिधी भित्र रही क्रमागत, अधुरा र नयाँ योजनाहरुमा रकम विनियोजन गरि नगरपालिकामा पठाई योजना कार्यान्वयनको पक्रिया अगाडी बढाउने समेत निर्णय गरियो ।

## निर्णय नं. २

गोदावरी नगरपालिकाको वडा नं. ४ स्थित बेलपानी देखी कालापानी फुलबस्तीसम्म सडक ट्याक ओपन गर्न प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्ने भएकोले गौरीशंकर सामुदायिक वन र बेलपानी सामुदायिक वनबाट तयार गर्न लगाइएको TOR र प्रतिवेदन नगरपालिकामा पेश गर्न लगाउने नगरपालिकाबाट अन्तिम टुंगो लागेपछि मात्र सामुदायिक वनले भुक्तानी गर्ने गरि पठाउने र सो रकमको भुक्तानी नगरपालिकाबाट नहुने समेत निर्णय गरियो ।

## निर्णय नं. ३

गोदावरी नगरपालिका भित्रका खानेपानी र सिंचाई तर्फका योजनाहरुको विस्तृत अध्ययन गरि Profile तयार गर्न लगाउने र सोका लागी चाहिने आवश्यक आर्थिक दायित्व नगरपालिकाले ब्यहोर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

गोदावरी नगरपालिका वडा नं. ८ बस्ने श्री भागिराम चौधरीले यस कार्यालयबाट घरको नक्सापास गर्दा दोहोरो राजश्व दस्तुर तिरेको भनी बढी हुन आउने रकम फिर्ताका निवेदन दिएकोले यस कार्यालयको मिति २०७५/११/२९ गतेको निर्णयानुसार बढी आउने रकम रु. २३,९७७।- निजलाई फिर्ता गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

गोदावरी नगर कार्यपालिकाबाट विभिन्न मितिमा खानेपानी र सिंचाईका लागी रकम विनियोजन भई केही रकम बाँकी रहेकोले बाँकी रहेको रकमलाई सोही शिर्षक अन्तर्गतका योजनामा नगर प्रमुखले स्थलगत अनुगमन र बस्तुस्थितीको आकलन गरि योजनामा रकम बाँडफाँड गर्ने अधिकार प्रत्यायोजन गरियो ।

## निर्णय नं. ६

गोदावरी नगरपालिकाको वडा भेलाबाट सिफारिस भई दोस्रो नगरसभाबाट आ.व. ०७५/७६ का लागी स्वीकृत कार्यक्रम अन्तर्गत अनुसूची २ को शिक्षा कार्यक्रमको वडा नं. १२ को बुँदा नं. ५६ मा कम्प्यूटर ३ महिने तालिम शिक्षित युवाहरुलाई भनी रु. १,५०,०००।- रकम विनियोजन भएकोमा सहभागीहरु बढ्न गई रकम अपुग भएकोले सो कार्यक्रमका लागी नपुग रकम रु. ५०,०००।- थप गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

गोदावरी नगरपालिकाको चालु आ.व. ०७५/७६ को वार्षिक कार्यक्रमहरुको हालसम्मको प्रगती समिक्षा कार्यक्रम गर्न रु. २,००,०००।- रकम विनियोजन गर्ने निर्णय गरियो ।